स्थानीय सरकार

सिद्धार्थनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

## सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्रमा कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि बोलपत्र फारम

## आन्तरिक आय ठेक्का नं. SNP/NCB/IR-06/083/84

## आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्म

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

बोलपत्रदाताको नामः ..........................................................

ठेगानाः ..........................................................................

बोलपत्र फारम खरिद मितिः ................................................

रसिद नं. ........................................................................

# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

## सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्रमा कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना।

प्रकाशित मिति: २०८३/०५/१८ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४; सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८३; सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली(संशोधन सहित), २०७७; आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि (प्रथम संशोधन समेत), २०७८ बमोजिम सिद्धार्थनगरपालिका क्षेत्र भित्र संकलन तथा निकासी हुने कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन गर्न आर्थिक वर्ष २०८३/०८४, २०८४/०८५ र २०८५/०८६ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक तथा योग्य फर्म/ कम्पनीले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

### आन्तरिक आय ठेक्का नं. SNP/NCB/IR-06/083/84

| आय शीर्षक | ठेक्का अवधि (आर्थिक वर्ष) | न्यूनतम वार्षिक ठेक्का रकम | कैफियत |
|---|---|---|---|
| कवाडी कर संकलन | २०८३/०८४ | ५३०९७३४।५१ | |
| | २०८४/०८५ | ५३०९७३४।५१ | |
| | २०८५/०८६ | ५३०९७३४।५२ | |
| | जम्मा रकम | १५९,२९,२०३।५४ | |
| | मुल्य अभिवृद्धि कर १३% | २०,७०,७९६।४६ | |
| | न्यूनतम ठेक्का अङ्कको कुल योग | १,८०,००,०००।०० | |

शर्त तथा प्रावधानहरु-

१. **बोलपत्र दस्तुर-** बोलपत्र फारम दस्तुर वापत रु. ३,०००/- (पछि फिर्ता नहुने गरी) फर्म/कम्पनी हकमा चालू आ.व.को लागि नवीकरण सहितको ईजाजतपत्र, दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि र स्थानीय फर्मको हकमा नगरपालिकालाई आ.व. २०८२/०८३ सम्म कुनै प्रकारको तिर्नु बुझाउनु पर्ने बक्यौता रकम बाँकी नरहेको, सार्वजनिक खरिद कार्यमा कारवाहीमा नपरेको र कालोसूचि/नकारात्मक सूचिमा नरहेको स्वघोषणापत्र संलग्न गरी राजश्व प्रशासन शाखाबाट मिति २०८३/०६/१९ गते कार्यालय समय भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ ।अथवा कार्यालयको वेभसाईट siddharthanagarmun.gov.np बाट बोलपत्र फारम डाउनलोड गरी उक्त बोलपत्रको लागि तोकिएको दस्तुर वापतको रकम कार्यालयको

कृषि विकास बैक भैरहवा शाखामा रहेको खाता नं. ग-१-१-०४-१४६-०११४५६३४-२०-८ मा जम्मा गरी सोको सक्कल भौचर सम्बन्धित बोलपत्र फारम साथ शिलबन्दी गरी समावेश गरेको हुनुपर्नेछ ।

२. मिति २०८३/०६/२० गते दिनको १२.०० बजे भित्र कार्यालयमा दर्ता भएको बोलपत्र सोही दिनको १.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बांधा पर्नेछैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लिखित समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ ।

३. **धरौटी/जमानत-** बोलपत्र पेश गर्दा कबोल गर्ने मुल्य अभिवृद्धि कर सहितको कुल रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि विकास बैक लि. शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३) ०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले सिद्धार्थनगर नगरपालिकाको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिड-बण्ड (बोलपत्र जमानत) पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारममा बोलपत्रदाताको तर्फबाट कुनै शर्त राख्न नपाईने वा उल्लेखित विवरणमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

५. **अवधि-** ठेक्का अवधि आर्थिक वर्ष २०८३/०८४ देखि २०८५/०८६ सम्म गरी ३ आर्थिक वर्षको हुनेछ । यदि आर्थिक वर्षको सुरुमा नै ठेक्का सम्झौता हुन नसकेकोमा सो सो वर्षको लागि कबोल रकमलाई दामाशाहीले भाग गरी रकम घटाईनेछ ।

६. बोलपत्र दर्ता गर्नु अगावै बोलपत्र सँग सम्बन्धित आवश्यक जानकारी नगरपालिकाको राजश्व प्रशासन शाखाबाट लिन सकिनेछ ।

७. **सम्झौता-** बोलपत्र स्वीकृति पश्चात बोलपत्रदातालाई बाटोको म्याद बाहेक ७ दिनको समय दिई आफूले कबोल गरे बमोजिम सम्झौता गर्नको लागि पत्राचार गरिनेछ । यसरी पत्राचार गर्दा पत्र बुझेको वा सूचना प्रकाशित भएको वा कार्यालयको आधिकारिक ईमेल पठाएको मितिलाई समेत गणना गरिनेछ । सुचनाको म्याद भित्र सम्झौताको लागि उपस्थित नभएमा वा आफ्नो कबोल बमोजिमको कबुलियत गर्न मञ्जुर नगरेमा उक्त बोलपत्रदाताको धरौटी/जमानत रकम जफत गरी निजलाई कालोसूचिमा राखिने साथै निज पछिको क्रममा रहेका बोलपत्रहरुलाई कार्यालयको निर्णयानुसार छनौट गरिनेछ ।

८. **जमानत तथा किस्ता —** बोलपत्र स्वीकृत भएपश्चात बोलपत्रदाताले ठेक्काको सम्झौताको समयमा मुल्य अभिवृद्धि कर सहित स्वीकृत ठेक्का अङ्कको २५ प्रतिशत रकम नगदै बैक दाखिला गर्नु पर्नेछ र बाँकी ७५ प्रतिशत रकम र सोको मुल्य अभिवृद्धि कर वापतको रकम समेत नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त

वाणिज्य बैंकबाट कम्तिमा १३ महिना म्याद भएको कार्यसम्पादन जमानत वा नगदै रकम जम्मा गर्न सकिनेछ ।आगामी आर्थिक वर्षको कार्यसम्पादन जमानत वापतको रकम अघिल्लो कार्यसम्पादन जमानतपत्रको म्याद समाप्त हुनु अगावै पेश गरेको हुनु पर्नेछ ।

९. सम्झौता अनुसार कबोल गरेको रकममा कुनैपनि कारण देखाई रकम घटाउने वा मिन्हा हुने छैन । तर वार्षिक ठेक्का रकम अग्रीम वा एकमुष्ठ बुझाएमा नगर कार्यपालिकाको निर्णय बमोजिम औचित्य हेरी पाँच देखि दश प्रतिशत सम्म छुट दिन बाँधा पुगेको मानिनेछैन ।

१०.ठेक्काको कबोल अंकको वार्षिक रकमलाई चौमासिक रुपमा तीन किस्तामा विभाजन गरी चौमासिकको मसान्त भित्र किस्तावन्दीमा बुझाउनु पर्नेछ । सम्झौताको बखत नगद जम्मा गरेको रकमलाई पहिलो किस्ताको रुपमा गणना गरिनेछ । प्रत्येक किस्ताको रकम चौमसिक मसान्त भित्र जम्मा हुन नआएमा रकम दाखिला गर्न छिटो माध्यमबाट सूचित गरिनेछ । यसरी अर्को महिनाको ७ गते भित्र रकम जम्मा नभएमा तिर्नु पर्ने रकममा थप १० प्रतिशत जरिवाना गरिनेछ । जरिवाना गर्दा समेत सो महिना भित्र किस्ता रकम जम्मा नगरेमा धरौटी/जमानत रकमबाट असुल उपर गरी ठेक्का बदर गरिनेछ ।

११.किस्ता रकम दाखिला गर्दा मुल्य अभिवृद्धि कर र आयकर दाखिला गरेको भौचर समेत उपलब्ध गराउनु पर्नेछ ।

१२.कवाडी करको दर नगरपालिकाले सालबसाली जारी गर्ने आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । तोकिएको दररेट भन्दा बाहिर गई शुल्क संकलन गर्न पाईने छैन । यस शर्त भन्दा विपरित हुने गरी बाहिर गई शुल्क संकलन गरेको उजुरी परी छानविन गर्दा प्रमाणित हुन आएको अवस्थामा पहिलो पटक स्पष्टिकरण सोधी जरिवाना स्वरुप रु. १० हजार जरिवाना गरिने तथा दोस्रो पटकका लागि ठेक्का रद्द गरी बैंक ग्यारेन्टी जफत सम्मको कारवाही गरिनेछ ।

१३.बोलपत्र स्वीकृत भएको सूचना प्राप्त भएपछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्रदाताले चलान पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले राखेको जमानत रकम जफत भई स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ ।

१४.रित नपुगेको / म्याद नाघी आएको र शर्त सहित पेश भएको बोलपत्र उपर कुनै कारवाही गरिनेछैन । कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने / नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकाको कार्यालय समक्ष रहनेछ ।

**१५.कवाडी करको दर (मुल्य अभिवृद्धि कर बाहेक) —**

| सि. नं. | नाम /विवरण | इकाई | दर रकम रु. मा |
|---|---|---|---|
| १ | खाली सिसि (बियर) बोतल | प्रति गोटा | रु. ०।३० |

# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत

| सि. नं. | नाम /विवरण | इकाई | दर रकम रु. मा |
|---|---|---|---|
| २ | खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा माथि | प्रति गोटा | रु. ०।३० |
| ३ | खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा तल | प्रति गोटा | रु. ०।१५ |
| ४ | काँचको टुक्राहरु (फुटेको सिसा) | प्रति केजि | रु.१।०० |
| ५ | प्लास्टिक (बोतल, चाडाकुडा पुराना जुत्ता चप्पल ग्यालेन र जर्किन आदि | प्रति केजि | रु. ०।५० |
| ६ | खाली बोरा | | |
| ७ | क) ५० के.जी. सम्म खाधान्न अटने प्लास्टिक बोरा | प्रति गोटा | रु. ०।२० |
| ८ | ख) ५० के.जी. सम्म खाधान्न अटने जुटको बोरा | प्रति गोटा | रु.०।२५ |
| ९ | ग) १०० के.जी. सम्म खाधान्न अटने जुटको बोरा | प्रति गोटा | रु. ०।४० |
| १० | तेलको टिन | | |
| १०.१ | क) १० लि. भन्दा बढि अट्ने | प्रति गोटा | रु.१०।०० |
| १०.२ | ख) १० लि. भन्दा कम अट्ने सानो | प्रति गोटा | रु.५।०० |
| पुनः प्रशोधन गरी पुनः प्रयोग हुने | | | |
| १ | झिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा) | प्रति केजि | रु. २।०० |
| २ | गार्मेण्टको कपडाको टुक्रा | प्रति केजि | रु. २।०० |
| ३ | जलेको मोबिल | प्रति लि. | रु.१।०० |
| ४ | जुट र कार्पेटका टुक्रा | प्रति केजि | रु. ०।५० |
| ५ | टायर टयुब | प्रति गोटा | रु. १।०० |
| ६ | थोत्रो टिन | प्रति गोटा | रु.०।५० |
| ७ | पुरानो ड्रम | प्रति गोटा | रु.०।५० |
| ८ | पुरानो कागज | प्रति केजी | रु.०।३० |
| | क) अखबार (न्युजप्रिन्ट) | | रु.०।४० |
| | ख) अन्य कागज ( कार्टुन समेत) | | रु.०।५० |
| ९ | धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएको धातु सामानहरु | | |
| ९.१ | क) फलाम | प्रति केजी | रु. २।०० |
| ९.२ | ख) अन्य धातु (पित्तल, तामा, आदी) | प्रति केजी | रु. ५।०० |
| ९.३ | ग) थोत्रिएर काम नलाग्ने मेशिनर औजार | प्रति केजी | रु. २।०० |
| ९.४ | फलामको धुलो, खनिज पदार्थ मिसिएको कालो-रातो माटो वा धुलो | प्रति केजी | रु. ०।२५ |
| १० | पोलिथिन पाइपका टुक्राहरु | प्रति केजी | रु. ०।५० |
| ११ | लिडको धुलो र टुक्राहरु | प्रति केजी | रु. २।०० |
| ११.१ | प्रचलित कानुनले निषेधित गरे बाहेको पंछिहरु जस्तै कुखुरा, हाँस जस्ता पंछिहरुको प्वाँख | प्रति केजी | रु. १।५० |
| १२ | हाड सिंग खुर | | |
| [illegible] | [illegible] | [illegible] | [illegible] |

सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

| सि. नं. | नाम /विवरण | इकाई | दर रकम रु. मा |
|---|---|---|---|
| १२.२ | सिंग खुर | प्रति केजी | रु. २।०० |
| १३ | छाला | | |
| १३.१ | छाला ठुलो | प्रति गोटा | रु. ३०।०० |
| १३.२ | छाला सानो | प्रति गोटा | रु.१५।०० |
| १४ | कोइला | प्रति केजी | रु.०।१० |
| १५ | जडिबुटी | प्रति केजी | रु.०।२० |

१६. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुरा/विषयहरु स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ सिद्धार्थनगर नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि,२०७८ र प्रचलित कानून बमोजिम हुनेछ ।

१७. दररेटमा कुनै द्विविधा भएमा वा कुनै शीर्षक रकम छुटेको अवस्थामा नगर कार्यपालिका / कार्यालयको निर्णय अनुसार थप वा संशोधन गर्न सक्नेछ ।

१८. यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा कार्यालयको वेवसाईट *siddharthanagarmun.gov.np* वा कार्यालय समय भित्र राजश्व प्रशासन शाखाबाट विस्तृत जानकारी लिन सकिनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

# सिद्धार्थनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्रमा कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन कार्यको ठेक्का बन्दोबस्तको लागि तयार पारिएको बोलपत्र फारम
## (आन्तरिक आय ठेक्का नं. SNP/NCB/IR-06/083/84)

प्रकाशित मिति २०८३/०५/१८ गते

| आय शीर्षक | | न्यूनतम ठेक्का रकम | कबोल रकम (अङ्कमा) |
|---|---|---|---|
| कवाडी कर संकलन | आर्थिक वर्ष २०८३/०८४ | ५३,०९,७३४।५१ | |
| | आर्थिक वर्ष २०८४/०८५ | ५३,०९,७३४।५१ | |
| | आर्थिक वर्ष २०८५/०८६ | ५३,०९,७३४।५२ | |
| | जम्मा | १,५९,२९,२०३।५४ | |
| | मुल्य अभिवृद्धि कर १३% | २०,७०,७९६।४६ | |
| | ठेक्का अङ्कको कुल योग | १,८०,००,०००।०० | |

कबोल गरेको रकम अक्षरमा..............................................................................................................................
..............................................................................................................................................................
.......................................................................................................................................................मात्र ।

धरौटी रकम (कबोल अङ्कको ५ प्रतिशत) रु. ..............................................................................................
अक्षरमा...........................................................................................................................................मात्र ।

द्रष्टव्य-

- उपर्युक्त कबोल अंकको बोलपत्र स्वीकृत भएमा नगरपालिकाले तोकेको दररेट बमोजिम मात्र कर संकलन गर्नेछु ।
- बोलपत्र फारममा लेखिएका शर्त मान्य छ । साथै अन्य शर्तहरु नगरपालिकाबाट निर्धारण गरेअनुसार मान्य हुनेछ ।
- ठेक्का व्यवस्थापनमा नगरपालिकाको निर्णय र निर्देशन बमोजिम कार्य गर्नेछु ।
- तोकिएको शर्त पालना नगरेमा कानून बमोजिमको सजाय भोग्न तयार भई यो बोलपत्र फारम पेश गरेको छु ।

बोलपत्रदाताको नाम: ..............................................................................................

ठेगाना:..........................................................................................................

आधिकारिक व्यक्तिको नाम: ......................................................................................

दस्तखत: ....................................................मिति.......................................

(फर्म/कम्पनीको आधिकारिक छाँप)